आ.व. ०७६।०७७

वैठकः- नगर कार्यपालिका वैठक

अध्यक्षताः- नगर प्रमुख अशोक कुमार शाही

वैठक संख्याः-०१ / ०७६ / ०७७

मितिः-२०७६।९।१८

स्थानः- ता.न.पा सभाहल

समयः- विहान ७.३० बजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख श्री अशोक कुमार शाही ज्युको अध्यक्षतामा नगर कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णय गरियो ।

## उपस्थिति

| नाम थर | पद | ठेगाना | कार्यपालिका | उपस्थिति |
|---|---|---|---|---|
| श्री अशोक कुमार शाही | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष | |
| श्री लक्ष्मीदेवी पाठक | नगर उपप्रमुख | ता.न.पा. ९ | सदस्य | |
| श्री दामोदर प्रसाद घिमिरे(प्रवक्ता) | वडा अध्यक्ष | ता.न.पा. ११ | सदस्य | |
| श्री रामप्रसाद वस्याल | वडा अध्यक्ष | ता.न.पा १ | सदस्य | |
| श्री बरुणप्रसाद रेग्मी | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य | |
| श्री महेशलाल शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य | |
| श्री राजेन्द्रमुनि शाक्य | वडा अध्यक्ष | ता.न.पा.४ | सदस्य | |
| श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य | |
| श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य | |
| श्री मुक्तिराम जि.सी. | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य | |
| श्री रामप्रसाद घिमिरे | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य | |
| श्री हरिसुमर रेग्मी | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य | |
| श्री लोचनप्रसाद तिमिल्सिना | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य | |
| श्री देवेन्द्र वहादुर राना | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य | |
| का. प्र. ब. थापा<br>श्री टुकप्रसाद भट्टराई | का.वा. ''<br>वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य | |
| श्री कमल राना | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य | |
| श्री शशी श्रेष्ठ | का.पा. सदस्य | ता.न.पा.१ | सदस्य | |
| श्री सुनिता श्रेष्ठ वैजु | का.पा. सदस्य | ता.न.पा.३ | सदस्य | |
| श्री मैयादेवी घिमिरे | का.पा. सदस्य | ता.न.पा.६ | सदस्य | |

Scanned by CamScanner

| | | | | |
|---|---|---|---|---|
| श्री बुद्धिसरा वि.क. | का.पा. सदस्य | ता.न.पा.१० | सदस्य | |
| श्री कमला भण्डारी | का.पा. सदस्य | ता.न.पा.१३ | सदस्य | |
| श्री दिपक विश्वकर्मा | का.पा. सदस्य | ता.न.पा.५ | सदस्य | |
| श्री विमला वौडेल | का.पा. सदस्य | ता.न.पा.८ | सदस्य | |
| श्री भीम बहादुर कुमाल | का.पा. सदस्य | ता.न.पा.७ | सदस्य | |
| श्री डिल्लीराज बेल्वासे | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा | सचिव | |

विशेष आमन्त्रित

माननीय - सोम प्रसाद पाण्डे - प्रतिनिधी सभा सदस्य

डा. रचेल डारख - Director - U.M.H. पाल्पा

श्री - शिवन महराई - प्रशासकीय प्रमुख ,,

श्री - विदुर कार्की - वडा सदस्य - ता.न.पा. ६

श्री कां.वा. ओजन ब. थापा

**निर्णय नं. १**

राष्ट्रिय योजना आयोगबाट प्राप्त सूचना अनुसार योजनाको माग भई आएकोले तानसेन नगरपालिकाका निम्नानुसारका ३ वटा योजनाहरु प्रस्ताव गरी पठाउने निर्णय गरियो ।

क) बिग बुद्ध, ता.न.पा.,वडा नं. ३ प्रस्तावित रकम रु.१० (दश) करोड

ख) बाँसटारी अम्ल्यान सडक कालोपत्रे गर्ने, ता.न.पा.,वडा नं. ७ र ९, प्रस्तावित रकम रु.१० (दश) करोड

ग) सेती पोखरी गुफाचौर (गणेशधाम मार्ग) सडक कालोपत्रे गर्ने, ता.न.पा.,वडा नं. ५, १० र ११, प्रस्तावित रकम रु.१० (दश) करोड

**निर्णय नं. २**

युनाईटेड मिशन अस्पतालको मिति २०७६।९।१५ को पत्र अनुसार अस्पतालको म्याद सन् २०२० जनवरी १५ मा समाप्त हुने भएको र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट जम्मा ६ महिनाको लागि मात्र म्याद थप गरेको अवस्थामा १० वर्षको म्याद थप गर्न आवश्यकता देखिएकोले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई १० वर्ष म्याद थप गर्न अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

सडकवोर्ड नेपालवाट सडक स्तरोन्नतीको लागि रु. १ करोड १० लाख रकम प्राप्त भएकोमा उक्त वजेटवाट तानसेन नगरपालिकाको विभिन्न ५ वटा योजनाहरु संचालन गर्न वजेट विनियोजन गरिएकोमा हाल **होलाङ्गदी, बसपार्क टक्सार वतासे ढुंगाखानी सडक र बाँसटारी दमकडा अम्ल्यान** सडकको लागि संघवाट समपुरक कोष अन्तर्गतको वजेट विनियोजन भई आएकोले उक्त वजेट परेका उल्लेखित योजनाहरु बाहेकका बाँकी निम्नानुसारका ३ वटा योजनाहरुमा मात्र रकम विनियोजन गरी बोलपत्र प्रकृया अगाडी वढाउने निर्णय गरीयो ।

१) वतासे, कैलाशनगर श्रीनगर सडक

२) कैलाशनगर आँखा अस्पताल लायन्स धर्मशाला सडक

३) गैरागाँउ, ध्रुवघाट, रोजरिसोर्ट सडक

**निर्णय नं. ४**

तानसेन टुडिखेल मैदान स्तरोन्नती गर्ने क्रममा तत्काल फुटवल ग्राउण्डमा उन्नत जातको घास रोप्नुपर्ने आवश्यकता रहेकोले वर्मुडा जातको घाँस खरिद गर्ने र रोप्ने कामका लागि बजेट व्यवस्था गरी कार्यप्रकृया अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं.५**

५.१. तानसेन नगरपालिका, नगर शिक्षा समितिको मिति २०७६।९।११ को निर्णय नं. १ लाई अनुमोदन गर्ने निर्णय गरियो ।

५.२ श्री कृष्ण प्रा.वि. ता.न.पा. १४ अर्तुङ्गामा विद्यार्थी संख्या ५ जना मात्र भएको र अर्को व्यवस्था नभए सम्मका लागि विद्यालयको १ जना कनिष्ट शिक्षकलाई ता.न.पा. १० स्थित श्री भयरस्थान प्रा.वि.मा काज खटाईएको विद्यालयवाट तलवभत्ता खाने गरी काज सरुवा गर्ने तथा श्री भयरस्थान प्रा.वि.मा कार्यरत शिक्षक श्री मिठु पराजुलीलाई अर्को व्यवस्था नभएसम्मका लागि काज खटाएको विद्यालयवाटै तलवभत्ता खाने गरी ता.न.पा.-९ स्थित श्री तिन्दीआँप प्रा.वि.मा काज सरुवा गर्न नगर शिक्षा समितिवाट निर्णय भई आएकोले सोही अनुसार अनुमोदन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

**निर्णय नं. ६**

६.१ नक्शा शाखामा रहेका घर नक्शा फाईलहरुलाई Scan गरी व्यवस्थित गर्न तथा विभिन्न शाखाहरु बीच Electronic Network स्थापना गरी नगरपालिकाको दैनिक सेवा प्रवाहलाई छिटो, छरीतो, सेवामैत्री र प्रभावकारी बनाउन Electronic Data Management System (EDMS) Software जडान गर्न यस अघि छुट्याईएको वजेट रकम नपुग भएकोले थप ६ लाख ५० हजार नगर विकास योजनाको नगर विकास प्रवर्द्धनात्मक कार्यक्रम तर्फ सुशासन तथा संस्थागत विकास तर्फको व.शि.नं. ४३ मा अनुसन्धान तथा विकास र सम्भाव्यता अध्ययन शिर्षबाट छुट्याई खरिद कार्य प्रक्रिया अगाडी वढाउने निर्णय गरीयो ।

६.२. IVR System व्यवस्थित गर्न सोही शिर्षकवाट खर्च गर्नेगरी रु.२ लाख ७० हजार विनियोजन गर्ने निर्णय गरीयो ।

६.३ नगरपालिकाको website / Mobile Apps लाई व्यवस्थित गर्न निम्न उप समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| श्री सागरमान् महर्जनवडा अध्यक्ष ६ | संयोजक |
| श्री प्रविन कुमार वस्याल निजि सचिवालय | सदस्य |
| श्री प्रकाश गैरे | सदस्य |

**निर्णय नं. ७**

नगरपालिकामा कार्यरत कर्मचारीहरुको कार्यबोझलाई मध्यनजर गरी काममा प्रोत्साहित गर्न निर्णय भई आएको १० प्रतिशत प्रोत्साहन भत्ता प्रदान गर्न कार्यसम्पादनमा आधारित सूचक बनाई यस आ.व.को श्रावण देखि दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

तानसेन नगरपालिका वडा नं. ९ स्थित श्री दमकडा मा.वि.को लागि अपाङ्गमैत्री छात्रावास र प्रयोगशालाको व्यवस्था, अन्य छात्र छात्रालाई छात्रावास भवन, शौचालय, चमेना गृह, सुरक्षा गार्ड भवन, अडिटोरीयम हल र कम्पाउण्डिङ लगायतको निर्माण कार्य गर्नको लागि विशेष अनुदान आयोजना पेश हुन आएकोले उक्त आयोजनाको लागि मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय, प्रदेश नं. ५ मा विशेष अनुदान रकम मागका लागि सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

पाल्पा उद्योग वाणिज्य संघको ६४ औं साधारण सभा तथा १५ औं अधिवेशनमा तानसेन नगरपालिकासंग सौजन्य सहयोगको माग भई आएकोले तानसेन नगरपालिका नगर विकास प्रवर्धनात्मक कार्यक्रम अन्तर्गत नगरपालिकाको आयोजनामा गरिने विभिन्न दिवसहरुको व्यवस्थापन शिर्षकवाट खर्च हुनेगरी रु. ५०,०००। निकासा दिने निर्णय गरियो ।

**निर्णय नं. १०**

तानसेन नगरपालिकाको वडा कार्यालयहरुमा Online System वाट कर अशुली तथा घट्ना दर्ता शुरु भई सकेको अवस्थामा समय समयमा विद्युत आपुर्तीको अवरोधका कारण काममा समस्या हुन आउने देखिकोले नगरपालिकाको सबै वडाहरुमा पावर व्याकअपको व्यवस्था गर्न आवश्यक रकम विनियोजन गर्ने निर्णय भयो ।

**निर्णय नं. ११**

Visit Nepal 2020 लाई मध्यनजर गरी ता.न.पा. २ अशनटोल ३ टोल विकास संस्थाले नेवारी संस्कृति नेवाः भ्वय संचालन गर्न लागेकोले नगर विकास प्रवर्धनात्मक कार्यक्रमको **Visit Nepal 2020 लुम्बिनी भ्रमण वर्ष २०७६ जाउ है तानसेन र Down Town Cycling Program** वाट रु २०,०००। सहयोग गर्ने साथै सोही अवसरमा नेपाल

Scanned by CamScanner

मगर संघ पाल्पाले ता.न.पा. ६ टुडिखेल लखनपार्कमा मगरी खाना महोत्सव संचालन गर्न लागेकोले सोही शिर्षकवाट रु २०,०००। सहयेग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

तानसेन नगरपालिका वडा नं. ६ पद्मेटारीमा अवस्थित सामुदायिक भवन तथा श्रीराम मन्दिर परिसरमा जेष्ठ नागरिकहरुको विसाउने चौतरीको स्थान रहेकोले उक्त स्थानमा वस्नका लागि वेञ्च निर्माण गर्न प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत ब.शि.नं. ३८ को समुदायमा आधारित विपद् व्यवस्थापन कार्यक्रम संस्थागत क्षमता विकास र पूर्वाधार सहयोग तर्फबाट रु. १०,०००। रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

तानसेन नगरपालिका रहेका गरिव परिवार पहिचानको लागि तथ्याङ्क संकलन तथा विश्लेषण गर्ने र पहिचान भएका परिवारलाई परिचयपत्र वितरण गर्ने गरि भूमी व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयवाट कार्यक्रम सहित अख्तियारी प्राप्त भएकोले उक्त कार्यक्रमलाई व्यवस्थित र प्रभावकारीरुपले संचालन गर्न गठन भएको निर्देशक समिति र कार्यक्रम संचालन तथा व्यवस्थापन समितिलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

तानसेन नगरपालिकाको विभिन्न मितिमा भएको विज्ञापन अनुसार एम.आई. एस. अपरेटर, फिल्ड सहायक, हेभी सवारी चालक र सव ईन्जिनियर पदमा निम्न उम्मेदवारहरु सफल भएकोमा ता.न.पा.कर्मचारी छनौट समितिवाट सिफारिस भै आएकोले निजहरुसंग भएको संझौता समेतलाई अनुमोदन गर्ने निर्णय गरियो, साथै हेवी सवारी चालकको हकमा निजले ता.न.पा.मा रहेको कम्प्याक्टर समेत संचालन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निम्न** :

| | |
|---|---|
| १.एम.आई.एस. अपरेटर | (क) श्री सन्तोषी वस्याल (ख) श्री सुदीप पौडेल |
| २. फिल्ड सहायक | (क) श्री गिता जी.आर. |
| ३. हेभी सवारी सवारी चालक | (क) श्री माधव पौडेल |
| ४. सव इन्जिनियर | (क) श्री भुवन कुमार जोशी (ख) श्री शर्मिला न्यौपाने |

**निर्णय नं. १५**

तानसेन नगर क्षेत्र भित्रका क्रियाशिल भवन निर्माण कर्मीहरुको लागि भवन निर्माण संहिता र प्रवलीकरण (Rectrofeeting) सम्वन्धी तालिम संचालनको आवश्यकता नगर विकास प्रवर्द्धन कार्यक्रमको ब.शि.नं. ८ प्रविधि हस्तान्तरण तथा अनुसन्धान कार्यक्रम बाट रु. ३०००००।- र स्थानीय शासन तथा सुशासन अभिवृद्धि कार्यक्रमवाट बाट रु. ३०००००।- गरी जम्मा रु.६,००,०००। विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

तानसेन नगरपालिका भित्रका सरसफाई लगायत विभिन्न क्षेत्रमा उत्कृष्ट काम गर्ने देहायका क्रियाशिल टोल विकास संस्थाहरुलाई कामको मूल्याङ्कनको आधारमा नगर विकास प्रवर्द्धन कार्यक्रमको ब.शि.नं. १४ टोल विकास संस्था एवं समुदायमा आधारित संस्था सवलीकरण शिर्षकवाट कार्यक्रक सहयोग दिने निर्णय गरियो ।

| | |
|---|---|
| क) बसपार्क टोल विकास संस्था ता.न.पा. ६ | रु.१०,०००। |
| ख) मेहल्धारा टोल विकास संस्था ता.न.पा. २ | रु.१०,०००। |
| ग) सृजनशिल टोल विकास संस्था ता.न.पा. २ | रु.५,०००। |

Scanned by CamScanner

घ) भगवती टोल विकास संस्था ता.न.पा. ३ रु.५,०००।
ङ) भीमसेन टोल विकास संस्था ता.न.पा. ६ रु.५,०००।
च) लालीगुरास टोल विकास संस्था ता.नपा. १ रु.५,०००।
छ) मिलीजुली टोल विकास संस्था ता.न.पा. ३ रु.५,०००।
ज) कैलाशनगर टोल विकास संस्था ता.नपा. ५ रु.५,०००।

**निर्णय नं. १७**

तानसेन नगरपालिकामा आ.व. २०७६/०७७ मा योजनाको स्वीकृत संख्या अधिक रहेको र सोको तुलनामा विद्यमान प्राविधिक जनशक्ति न्यून रहेकोले उनिहरुलाई कार्यालयको समय वाहेक थप समय फिल्डमा काम लगाउनु पर्ने हुँदा नियमित फिल्डमा जाने र थप समय काम गर्ने प्राविधिकहरुलाई २०७६ श्रावण देखी लागुहुने गरी निम्नानुसार फिल्ड भत्ता उपलब्ध गराउने निर्णय गरीयो ।

| | | |
|---|---|---|
| क) ईन्जिनियर | मासिक रु. | रु.६०००।- |
| ख) सव ईन्जिनियर | मासिक रु. | रु.५०००।- |
| ग) अ.सव ईन्जिनियर | मासिक रु. | रु.४०००।- |
| घ) अमिन | मासिक रु. | रु.४०००।- |

**निर्णय नं. १८**

जिल्ला समन्वय समिति पाल्पामा मिति २०७६।९।१ गते वसेको वैठकको निर्णय अनुसार नेपाल भ्रमण वर्ष २०२० लाई लक्षित गरी विभिन्न खेलकुद प्रतियोगिताको आयोजना गरेकोले उक्त खेलकुद संचालन गर्न पाल्पा स्थित सवै स्थानीय तहहरुवाट रु ५०,०००।- का दरले संकलन गरी खेलकुद संचालन गर्ने भनि निर्णय प्रतिलिपी सहित लेखि आएकोले यस तानसेन नगरपालिकाको **प्रवर्धनात्मक कार्यक्रमको Visit Nepal 2020 लुम्विनी भ्रमण वर्ष २०७६ जाउ है तानसेन र Down Town Cycling Program वाट रु.१,५०,०००। विनियोजन गर्ने निर्णय गरीयो ।**

**निर्णय नं. १९**

नेपालका राष्ट्रिय विभुती संखधर स्वाख्वाद्धारा प्रतिपादित नेपाल सम्वतको ११४० न्हुद (नेपाल सम्वत) सम्पन्न गर्न आर्थिक सहयोग माग भई आएकोले उक्त कार्यक्रमलाई नगर प्रवर्धनात्मक कार्यक्रमको कला साहित्य शिर्षकबाट रु. १०,०००।- कार्यक्रम अनुदान प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

वडा नं. ६ जैशीचौपारी पानीटंकी टोलमा दुर्गा मन्दिर निर्माण गर्न आवश्यक रकम माग भई आएकोले प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत कला संस्कृति शिर्षकवाट मन्दिर र परिसर निर्माणका लागि रु. १ लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

तानसेन नगरपालिकाको विपन्न दलित तथा अल्पसंख्यक समुदाय स्वास्थ्य विमा कार्यक्रम कार्यविधि, २०७४ को व्यवस्था अनुसार चालु आ.व.मा विपन्न दलित तथा अल्पसंख्यक, महिला स्वास्थ्य स्वयंसेविका, नगर सरसफाईकर्मी, रातो तथा निलो कार्ड प्राप्त फरक क्षमता भएका व्यक्तिहरुलाई वीमा प्रिमियम प्रदान गरिदै आएकोमा अन्य पालिका तथा जिल्लावाट ता.न.पा. क्षेत्र भित्रका विभिन्न विद्यालयहरुमा नियमित अध्ययन गर्ने रातो र निलो कार्ड प्राप्त फरक क्षमता

Scanned by CamScanner

भएका विद्यार्थिहरुलाई समेत विद्यालयको सिफारिसका आधारमा विपा प्रिमियम अनुदान प्रदान गर्ने गरी कार्यविधिमा संसोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

नगरपालिका क्षेत्र भित्र खरको छाना विस्थापन कार्यक्रमलाई अगाडी बढाउन आवश्यक बजेट व्यवस्था गरी जस्ता पाता खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

तानसेन दरबार संग्रहालय परिसरमा रहेको सार्वजनिक शौचालय सरसफाई गर्ने सफाइकर्मी ता.न.पा. ३ बस्ने श्री धनमायाँ नेपालीलाई सम्वन्धित वडाको सिफारिसमा २०७६ श्रावण महिना देखि प्रति महिना रु.२०००।- भुक्तानी दिने निर्णय गरियो ।


**निर्णय नं. २४**

तानसेन नगरपालिकाको छैटौ नगरसभा आगामी २०७६ साल माघ २२ बुधबार दिनको १:०० वजे गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५**

तानसेन नगरपालिका वडा नं. ८ पाँडेखर्कमा कोरियन संस्थाबाट दलित तथा अति विपन्न समुदायका वालवालीकाहरुलाई मण्टेश्वरी विधिबाट साप्ताहिक रुपमा कक्षा सञ्चालन गरेकोमा यातायात खर्च माग भै आएकोमा प्रतिहप्ता २०००।- दरले ३० पटकको रकम रु.६००००।- नगर विकास प्रवर्द्धन कार्यक्रमको सामाजिक विकास तर्फ ब.शि.नं १६ को लक्षित वर्ग क्षमता विकास कार्यक्रमबाट प्रदान गर्ने निर्णय गरियो ।

उल्लिखित निर्णयहरु पश्चात नगर प्रमुख अशोक कुमार शाही ज्यूबाट सधन्यवाद बैठक समापन गर्नुभयो ।





Scanned by CamScanner